वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वरिष्ठ सेफ श्याम दाहालद्वारा संचालित
श्याम दाहाल क्याटरिङ सर्भिस
रानीपौवा, पोखरा-११
फोन:०६१-५२०४७२, ४८५७०२५४७२,४८१३७४४७७०

हाम्रा सेवाहरू : शुभ विवाह, व्रतबन्ध, अन्नप्राशन, जन्मोत्सव आदि पार्टीका लागि आउटडोर, इन्डोर, हाफ वा फुल क्याटरिङको उत्कृष्ट सेवाका साथै लाइट र जेनेरेटर चाहिएमा पनि हामीलाई सम्झनुहोस् ।

○वर्ष ८ ○अंक २०४ ○श्रेणी 'क' ○२०७३ वैशाख २३ गते बिहीवार ○5 May 2016 ○पृष्ठ ६ ○मूल्य रू. ५/-

महिला समूहद्वारा सार्वजनिक जग्गा कब्जा

नियम विपरित भवन बनाइँदै, नपाका पौडेललाई सांसद खड्काको धम्की



✍गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

पोखरा उप-महानगरपालिका वडा नं. १६ लामाचौरीस्थित एक संस्थाले सार्वजनिक जग्गामा भवन बनाउन थालेपछि सर्वत्र विरोध भएको छ । लामाचौर मध्यमपथ चोकको कि.नं. ४९ को सार्वजनिक जग्गामा सामुदायिक महिला विकास समितिले सरकारी कार्यालयको अनुमति, स्वीकृति विना भवन बनाउन थालेपछि उक्त विरोध भएको हो । कुनैपनि सार्वजनिक जग्गा उपभोग गर्दा सरकारी निकाय तथा स्थानीय निकायको स्वीकृति अनिवार्य हुन्छ । तर उक्त जग्गा प्रयोग गर्नका लागि समितिलाई सरकारको अनुमति र स्थानीय निकाय पोखरा उप-महानगरपालिका कार्यालयको स्वीकृति केहीपनि छैन भने त्यहाँका स्थानीयहरु समेत विरोधमा उभिएका छन् । स्थानीयले उक्त भवन निर्माणप्रति असन्तुष्टि जनाउँदै पटक-पटक सरकारी निकाय नपरपालिका कार्यालयलाई जानकारी गराए । पटक-पटक लिखित र मौखिक जानकारी गराउँदा समेत पोउसनपा कार्यालयले वेवास्ता गरेको स्थानीयको आरोप छ । यस विषयमा नपा मीन बस्नुले भवन निर्माणमा नगरपालिकाको पनि स्पष्ट समर्थन एक स्थानीय बताउछन् । नगरपालिकाले आफ्हरुको आवाज नसुनेपछि माइन्युटमा हस्ताक्षर गरेको तर भवन निर्माणका लागि उक्त हस्ताक्षर नगरेको स्पष्ट पारेका छन् । उक्त भवन निर्माणमा सांसद कुमार खड्काको सहयोग र सांसद शारदा पौडेलको समर्थन रहेको बुझिएको छ । भवन निर्माणमा सांसद खड्काले सांसद विकास कोषबाट ५ लाख रुपैयां सहयोग गर्ने वचन दिएको र सांसद पौडेलले भवन बनाउनुस्, जस्तोसुकै समस्या परेपनि फोस गछु भनेर वचन दिएको बताइन्छ । सांसद खड्काले भवन निर्माणका लागि स्वीकृति दिन पोखरा उप-महानगरपालिकाका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेललाई पटक-पटक दबाव र धम्की समेत दिएको बताइन्छ ।

बोल्ने चाहीदेनन् । उक्त संस्थाका केही पदाधिकारी एवं केही स्थानीय सार्वजनिक जग्गा संरक्षण गर्नका लागि नै आफ्हरु भवन निर्माणमा जुटेको दावी गर्दछन् । उनीहरुले भवन निर्माणमा सबै स्थानीयले हस्ताक्षर गरेको दावी गरेका छन् । उनीहरुले यस्तो दावी गरिरहँदा केही स्थानीयहरुले भने सार्वजनिक जग्गा संरक्षण गर्नका लागि आफ्हरुले माइन्युटमा हस्ताक्षर गरेको तर भवन निर्माणका लागि उक्त हस्ताक्षर नगरेको स्पष्ट पारेका छन् । उक्त भवन निर्माणमा सांसद कुमार खड्काको सहयोग र सांसद शारदा पौडेलको समर्थन रहेको बुझिएको छ । भवन निर्माणमा सांसद खड्काले सांसद विकास कोषबाट ५ लाख रुपैयां सहयोग गर्ने वचन दिएको र सांसद पौडेलले भवन बनाउनुस्, जस्तोसुकै समस्या परेपनि फोस गछु भनेर वचन दिएको बताइन्छ । सांसद खड्काले भवन निर्माणका लागि स्वीकृति दिन पोखरा उप-महानगरपालिकाका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेललाई पटक-पटक दबाव र धम्की समेत दिएको बताइन्छ ।

यसैगरी भवन निर्माणमा संकिर भएर लागेका स्थानीय मोहत थापाले सोमबार भवन निर्माण कार्य तत्कालका लागि रोक्नै र कानूनी प्रक्रिया पुऱ्याएर अघि बढ्ने बताएपनि भवन निर्माण कार्यले मंगलबार र बुधबार पनि निरन्तरता पायो । थापा पर्वत जिल्लाको एक सरकारी कार्यालयमा कार्यरत छन् भने सामुदायिक महिला विकास समितिकी अध्यक्ष मिना थापाकी जेठाजू समेत हुन् । उनी सरकारी कर्मचारी भएर पनि सार्वजनिक जग्गामै भवन निर्माणमा लाग्नु सरकारी नियमावलीको खिल्ली उडाएको स्थानीयले बताएका छन् । गोल्डेन न्यूज दैनिकसंग कुरा गर्दै उनै थापाले आफ्हरुको केही गल्ती भएको स्वीकार गरे । उनले भने-'हामीहरुको केही गल्ती भएको छ, यसलाई सच्याउँछौं, भवन निर्माण कार्य तत्कालका लागि रोक्छौं र कानूनी र कागजी प्रक्रिया पुऱ्याएर पुनः भवन निर्माण गर्छौं ।'

यसविषयमा पोखरा उप-महानगरपालिका कार्यालयका निमित्त कार्यकारी अधिकृत ओमराज पौडेलसंग बुझ्दा उक्त भवन निर्माणमा नगरपालिकाको कुनैपनि सहयोग र स्वीकृति नभएको भन्दै भवन बनै भत्काइने बताए । पौडेलले त्यहाँ भवन निर्माण हुन थालेपनि त्यहाँका केही स्थानीयहरु पत्र लिएर आफ्नुकहाँ आएको स्पष्ट पारे । 'त्यो सार्वजनिक जग्गा भएकाले कसैले पनि सरकार तथा स्थानीय निकायको अनुमति विना जग्गा चलाउन पाउँदैन', उनले भने-'सार्वजनिक जग्गामा अनुमति विना भवन बनाउन थालिएको हो भनें भत्काइन्छ र संस्थाका पदाधिकारीलाई कानून बमोजिम कारवाही गरिन्छ ।' नगरपालिकाले लिखित र मौखिक रुपमै उक्त भवन बनाउन रोक्छ, यदि अटेर गरे जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयलाई पत्र काटेरै उक्त भवन भत्काउन लगाइन्छ र भवन निर्माणमा संलग्नलाई कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाइन्छ । निमित्त कार्यकारी अधिकृत पौडेलले भने-'भवन निर्माण हुन थालेको जानकारी पाएपनि हामा कर्मचारी त्यहाँ जाँदा कोही पनि फेला नगरेको र अब कानूनी प्रक्रिया अनुसार नै अघि बढ्छौं ।'

यस्तै नपाका कानूनी अधिकृत नारायण शर्माले पनि उक्त सार्वजनिक जग्गा कसैले प्रयोग गर्न नपाउने बताउँछन् । उनी भन्छन्-'सामुदायिक संस्थाले पनि जग्गा प्रयोग गर्दा सरकारको पूर्व स्वीकृति लिनुपर्छ ।' नगरपालिकाले बाल उद्यान बनाउन या संरक्षणका लागि तारबार लगाउन भनेको भएपनि त्यसलाई वेवास्ता गर्दै भवन बनाउन थालिएकोमा आपत्ति जनाउँदै उक्त कार्य कुनैपनि हालतमा रोकिने बताए । उनले भने-'नपा भित्रका सबै टोल विकास संस्था, आमा समूह र महिला विकास समितिहरुलाई नियन्त्रण र नियमन गर्ने अधिकार नपासंग छ । त्यसैले यो कदम कुनैपनि हालतमा अघि बढ्न सक्दैन ।' यस्तै त्यहाँका स्थानीय एवं नेपाल सरकारका पूर्व सचिव जयराम आचार्य पनि नेपाल सरकारको स्वीकृति विना सार्वजनिक जग्गा भौंचलन गर्न नपाउने बताउँछन् ।

माछापुच्छ्रे बैंकमा फेरि विवाद

✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ वैशाख ।

कहिले बैंक व्यवस्थापनको आन्तरिक कारण त कहिले कर्मचारीको आन्दोलनका कारण सधैं भारि विवादमा मुछिएको पोखरामा प्रधान कार्यालय रहेको माछापुच्छ्रे बैंकमा पुनः अर्को विवाद शुरु भएको छ । विशेष गरि मजरुको प्रक्रियालाई लिएर देखिएको बैंकको विवाद सतहमा आएको छ । पूर्वअध्यक्ष एवं संचालक सूर्यबहादुर केसीले मर्ज प्रक्रिया नरोक्न आग्रह गरेका छन् । माछापुच्छ्रे बैंक र काठमाडौंमा प्रधान कार्यालय रहेको जनता बैंकबीच मर्ज प्रक्रिया अन्तिम चरणमा पुगेको बेला मर्ज नहुने भन्ने विषय बैंक अध्यक्षबाटै सार्वजनिक भएकोले केसीले आफ्नो ध्यानाकर्षण भएको जनाउँदै मर्ज प्रक्रिया नरोक्न विज्ञप्तिमार्फत आग्रह गरेका हुन् ।

बैंक अध्यक्ष डा.वीरेन्द्र महतो, संचालक समिति र लगानीकर्ताबीच पटक-पटकको छलफलपछि जनतासँग मर्ज गर्ने सहमति भएको र पत्रकार सम्मेलनबाट यसबारे जानकारी भैसकेको स्मरण गराउँदै उनले भनेका छन्, 'मर्जर प्रक्रिया के, कस्तो र कस्को स्वार्थको लागि भाँडन पऱ्यो हो ? यसमा हाम्रो घोर आपत्ति छ ।'

स्टयाण्डर्ड फाइनान्स गाभ्ने वेलादेखि माछापुच्छ्रे बैंकको प्रधान कार्यालय पोखरामा रहने सहमति भएको विषयमा विन्ध्यवासिनी मन्दिर र होटल ग्राण्ड पोखरामा पोखरेली समाज अगाडि अध्यक्ष महतोले समेत प्रतिबद्धता व्यक्त गरी कबुल भएको कुरा रेकर्डिङ क्यासेट समेत बैंकमा सुरक्षित रहेको उल्लेख गर्दै सहमति तोड्दै एका-एक प्रधान कार्यालय काठमाडौंमा सार्ने विषयमा उनले आपत्ति जनाएका हुन् ।

स्टयाण्डर्ड फाइनान्स माछापुच्छ्रे बैंक गाभ्ने वेलामा भएको सहमति सम्पूर्ण शेयर होल्डरलाई बैंकसँग मागेर अध्ययन गर्न समेत आग्रह गरेका छन् । पोखेलीहरुको गौरवको रुपमा रहेको माछापुच्छ्रे बैंकको कार्यालय काठमाडौं सार्ने मतहीको जिद्दीले समग्र पोखेलीको मन दुखेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

विगतमा भएका सहमतिलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उनले कुनै एक मानिसलाई लक्षित गरी मर्ज प्रक्रिया भाँडी प्रधान कार्यालय काठमाडौं सारेर जगत हँसाउने काम नगर्न आग्रह गरेका हुन् । विज्ञप्तिमा केसीसहित संस्थाका संस्थापक तथा शेयर होल्डर प्रेमकुमारी केसी, बन्दना काकी लगायतले विरोध जनाउँदै संयुक्त हस्ताक्षर गरेका छन् । सार्वे आफ्नो सहमति सहितको राय स्पष्टरुपमा माइन्युट गरी साधारण सभामा प्रस्तुत हुने बासलातमा समेत छाँपिने व्यवस्था गर्न अनुरोध गरिएको छ ।

रङ्गशालाको सडक अब पक्की



✍गोल्डेन न्यूज संवाददाता
पोखरा २१ वैशाख ।

कच्ची बाटोका कारण पोखरा रंगशालाको मूल गेटबाट भित्र छिर्ने चित्तिकै धुलाम्मे हुनुपर्ने अवस्थाको अब अन्त्य हुने भएको छ । खेलाडीदेखि विभिन्न प्रयोजनको लागि रंगशाला पुग्ने सर्वसाधारण धुलोले आजित हुँदै आएकोमा अब सो बाटो कालोपत्रे गरिने भएको छ । धुली न्यूनिकरण गर्न कास्की जिल्ला खेलकुद विकास समितिले रंगशालाभित्रको सडकलाई कालोपत्रे गर्न लागेको हो । सो कार्यको बुधबार आयोजित कार्यक्रमका बीच पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले शिलान्यास गरे ।

पोखरा उपमहानगरपालिकाको आर्थिक सहयोगमा एकसय १० मिटर लामो सडकलाई कालोपत्रे पिच गर्न लागिएको हो । मुख्य प्रवेशद्वारदेखि भूतपूर्व खेलाडी मन्च नेपालले बनाएको स्मारकसम्म सडकलाई कालोपत्रे गरिने कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिए । 'पोखरा उप-महानगरपालिकाको आठ लाख सहयोगमा सडक कालोपत्रे गरिने छ' समितिका अध्यक्ष गुरुङले भने-'जिल्ला खेलकुद विकास समितिले दुईलाख रुपियाँ जुटाउने छ ।'

पहिलो चरणमा एकसय १० मिटरको सडकलाई कालोपत्रे गरिएपछि दोस्रो चरणमा स्मारकदेखि विशिष्ट प्यारापिटहुदै क्रिकेट मैदानको गेटसम्म पीच गर्ने योजना कास्की जिल्ला खेलकुद विकास समितिले बताएको छ । दोस्रो चरणको कालोपत्रे गर्ने योजनालाई मनकामना दर्शन पालिले प्रतिबद्धता गरेको उनले बताए । रंगशालाभित्रको सडकलाई कालोपत्रे गरिएपछि धुलो उड्ने समस्या केही हदसम्म समाधान हुनेछ । पोखरा रंगशालामा पछिल्लो समय भौतिक पूर्वाधार थपिँदै गएको छ । बहुउद्देश्यीय कभर्ड हल, भलिबल प्रशिक्षण केन्द्र निर्माणाधिन छन् । ब्याडमिन्टन कभर्ड हल निर्माण गरिँदै छ भने प्यारापिटको स्तरोन्नती लगायतका कामको लागि पनि बजेट छुट्याइएको छ ।

इजरायल खुल्यो,
हिब्रु भाषा
सिकौं, दक्ष बनौं
कक्षा सञ्चालन भईरहेको छ।
STUDY, WORK & LIVE IN
EUROPE
POLAND, MALTA, GERMAN, SLOVENIA, NETHERLANDS
Apply without IELTS | +2 students | SLC students can also apply
- Schengen Visa / EU Member,
- Work while studying,
- Affordable Tuition fee,
- High Visa Success Rate,
- Easy Documentation,
- Refusal from USA/UK/Ireland/ Australia/New Zealand are welcome.
ROYAL INTERNATIONAL EDUCATION
www.royalien.com
email: info@royalien.com
विपलेदुङ्गा
दोस्रो तल्ला, बतास मल्ल कम्प्लेक्स्
फोन: ०६१-५१९०४१
रानीपौवा
घर नं ५०, नेपाल टेलिकमको अगाडि
फोन: ०६१-५३३३८६

Godrej | APPLIANCES
Best-in-Class Appliances with Best-in-Class Offer!
Assured Cash Back with every Godrej purchase.
up to NRs.10,000/-
CASH BACK ON EVERY PURCHASE
PATENTED COOL SHOWER TECHNOLOGY
24 HOURS COOLING RETENTION
U-SONIC TECHNOLOGY
PIZZA AND KEBAB MAKER
REFRIGERATORS • WASHING MACHINES • MICROWAVE OVENS
This offer is valid from Chaitra 22, 2072 for a limited period only.
*Conditions apply.
CG | EOL
Pushpa Ratna Traders, Pokhara 061-541039; Pumori Electronics, Pokhara 061-538285; BG Electronics, Pokhara 061-432483/ 9856021859; KC Electronics, Dulegauda: 9846000756; National Radio Center, Damauli: 065-561253; Adhikari Electronics, Baglung: 068-520165; New AS Audi Video, Dumre: 065-580044; Dakshinkali Electronics, Pokhara 061-541348; Shree Ram Electronics, Waling: 9856055762; Shramik Radio TV Center, 12 Kilo, Gorkha: 9846237857; Hewas Sound & Vision Marmat Kendra, Beni 069-520114/ 9857640041; Nisha Trading, Galyang, Walling: 9856023732; The Nice Electronics, Pokhara 061-528106/ 9856022392
ISO 9001:2008
9851119420
9851158580

■ रिसलाई प्रेमले, झगडालाई मेलले र अन्धकारलाई प्रकाशले जितौं

- पूर्वराजा महेन्द्र शाह

सम्पादकीय ...

कोरिया सपना

समृद्ध मुलुक दक्षिण कोरिया बेरोजगार नेपाली युवा युवतीहरुको लागि दिन प्रतिदिन आकर्षक गन्तव्य बन्दै गएको पाइएको छ । हालै त्यहाँको इपिएस कोटा प्रणालीले ३ हजार १०० सिटको लागि आह्वान् गरेकोमा ६१ हजारभन्दा बढी युवा-युवतीले फाराम भरेपछि उनीहरुको रंगीन कोरिया सपना सार्वजनिक भएको हो । अहिले पनि दक्षिण कोरियामा हजारौं युवायुवतीहरु प्रतिमहिना एक लाख रुपैयां भन्दा बढी तलब पाउने जागिर खाइरहेका छन् र यो क्रम प्रतिवर्ष दोहरिइरहेको छ । भाषा परीक्षा पास गरेर मात्र जान पाइने दक्षिण कोरियामा जानको लागि वर्षौंपच्छे लाग्ने बेरोजगारहरुको भीडले नेपालको गरिबी र बेरोजगारीको वास्तविक तस्विर प्रदर्शन गर्दै आएको हामी पाउंछौं । नेपालमा सर्वपथम रोजगारीको अवसर सीमित छ र यहाँ प्राविधिक, दक्ष जनशक्तिको नितान्त अभाव छ । जागिर पाए पनि तलवले आफू र आश्रित परिवार पाल्न नसक्ने भएको कारण विकल्पको खोजी गर्ने क्रममा दक्षिण कोरियाप्रति नेपालीहरुको आकर्षण बढेको हुनुपर्छ । आफ्नै देशमा रोजगारीको पर्याप्त अवसर पाएको ए अवश्य पनि उनीहरु पर्याप्त अवसर पाएको भए अवश्य पनि उनीहरु परिवार छाडेर विदेशिने थिएनन् । नेपाल सरकारले पर्याप्त मात्रामा आफ्नै देशभित्र पर्याप्त मात्रामा उद्योगधन्दा र कलकारखानाहरु खोलेर आफ्नै देशमा आकर्षक तलवसहितको रोजगारी सिर्जना गर्नु अव जरुरी भइसकेको छ । अहिले कुनै पनि गाउंमा युवाहरु भेटिदैनन् । उनीहरु आफ्नो उज्ज्वल भविष्यको खोजी गर्दै दक्षिण कोरिया, जापान, अमेरिका, क्यानडा मात्र नभएर खाडी मुलुकहरुमा पसिना बगाइरहेका छन् । तीमध्ये सबैको सपना साकार भएको छैन । यसरी विदेशिएका युवाहरुमध्ये केहीको त्यहाँ सडक दुर्घटना, हृदयघात र प्रतिकूल मौसमको कारण अकालमै ज्यान गइरहेका दुःखद समाचारहरु सुन्न पनि हामी बाध्य भएका छौं । नेपाल सरकारको औद्योगिकरणसम्बन्धी योजनाहरु कागजमै सीमित भएका छन् । मुलुकमा गणतन्त्र स्थापना भएको लामो समय वितिसक्दा पनि बेरोजगारी अन्त्य गर्न सरकारले स्पष्ट नीति ल्याउन सकेको छैन । मुलुकलाई कृषिप्रधान भनिएता पनि विदेशबाट कृषि उत्पादन आयात गर्न हामी बाध्य भइरहेका छौं । यस्तै जलस्रोतको क्षेत्रमा विश्वकै दोस्रो धनी मुलुक भएता पनि जल विद्युत्को उत्पादन पर्याप्त मात्रामा हुन सकेको छैन । फलस्वरुप दिन प्रतिदिन लोडसेडिङ भइरहेको छ र निकट भविष्यमा यसको अन्त्य हुने कुनै सम्भावना देखिएका छैन । यस्तो निरिह अवस्थामा युवाहरुले विदेशिनु बाहेक अरु कुनै विकल्प देखिरहेका छैनन् । अब समय धेरै ढिलो भइसकेको छ । नेपाली युवायुवतीलाई आफ्नै देशमा पर्याप्त मात्रामा रोजगारीको अवसर सिर्जना गर्न सकिएमा दक्षिण कोरियालगायत अन्य मुलुकहरुमा नेपालीहरु जानुपर्ने थिएन । यसतर्फ सरकारको गम्भीर ध्यानाकर्षण हुनु जरुरी देखिएको छ ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल वैशाख २३ गते बिहीबार, तदनुसार मइ ५ सन् २०१६, श्रीशार्के १९३७, नेपाल संवत् १३६५, सौम्यनामक संवत्सर:, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् वसन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार वैशाखकृष्णपक्ष चलिरहेको छ सौरमान अनुसार आज वैशाखकृष्णपक्षको त्रयोदशी अहोरात्र रहनेछ आज सूर्य मेष राशिमा,चन्द्रमा मीन राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३३ घटि ० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ५ बजेर २६ मिनेटमा तुच्चैव मूर्तमा हुनेछ भने सूर्यास्त साझ ६ बजेर ३८ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, धन शुभ छ ।

वृष : शत्रु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक अस्तव्यस्त हुने ।

मिथुन : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला ।

कर्कट : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टमित्रसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ ।

सिंह : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ ।

कन्या : यात्रा असफल, खानामा गडबडी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायु रोगले सताउने ।

तुला : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने ।

वृश्चिक : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला ।

धनु : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रो रहेपनि मनमा अशान्ति हुने ।

मकर : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला ।

कुम्भ : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने ।

मीन : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९४७३६९

सहकारी भ्रमणबाट मिलेको अनुभूति

२०४८ सालदेखि यता नेपालमा सहकारी अर्थात एकापसमा सहकार्य गरेर आर्थिक उन्नति र विकास गर्ने सिद्धान्तमा आधारित जीवन पद्धतिलाई जोड दिएर सहकारीहरुको गठन भएको पाइन्छ । अन्तर्राष्ट्रिय सहकारीको सात सिद्धान्त तथा शिप, संगठन, बचत र उद्यमसिलता अनि पारदर्शिता, उत्तरदायीत्वन र सहभागीताको मूल मन्त्र अनुरुप गठित सहकारीहरुको विकास निकै आषा लाग्दो र भरोयायोग्य बन्दै गएको पाइन्छ । न्यून आय भएका आम नागरिकहरुको जीवन सहकार्यको माध्यमबाट बदल्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय सहकारीका सात सिद्धान्तमा आधारित भएर स्थापना गरिएका सहकारीहरुमा भएको लगानीले देशको अर्थतन्त्रको तेस्रो खम्बाको रुपमा अगाडि बढिरहेको अवस्थामा कतिपय सहकारीहरुको गलत व्यवहार र असफलताले कहिंकतै आशंकाहरु पनि उत्पन्न गरेको अवस्था छ तथापि सहकारीको मूल मान्यता र सिद्धान्त अनुरुप अगाडि बढिरहेका धेरै सहकारीहरुले ग्रामिण क्षेत्रमा मात्र होइन शहरका निम्न गरिब परिवारहरुमा पनि आधालाग्दो सफलता पाएको देख्न सकिन्छ ।

१९औं राष्ट्रिय सहकारी दिवस मनाईरहदा यतिबेला देशभरिमा ३ हजार भन्दा बढी सहकारीहरु स्थापना भैसकेका छन् भने कास्कीको हकमा पनि ६ सय १५ भन्दा बढी सहकारीहरुले आफना गतिविधिहरु सञ्चालन गरिरहेका छन । विभिन्न नाम र उद्देश्यमा रहेर स्थापित सहकारीहरुले मित उवाएर पैसा भर्ने मान्यतामा सिमानी लगानी र पुंजीलाई एकीकृतरुपमा परिचालन गरी पुंजीको उचित सदुपयोग गरेर सबैलाई लाभ पुऱ्याएको हुन्छ । जसले गर्दा जोसुकै व्यक्ति वा परिवार पनि त्यसको सदस्य बनेर सहकार्यका लागि अगाडि बढ्छ र मानव जीवनका आवश्यकताको परिपूर्ति तथा समस्याहरुलाई सहज बनाएको हुन्छ जहा स्वदेशी पुंजीलाई स्वदेशमै लगानी गरेर सामान र सामाजिक विकासको कार्यक्रमहरु पगेका थियों । त्यहांबाट सोही दिन सिलगढी हुदै टिष्टा नदीको तिरैतिर सिक्किमको गान्तोकमा पुगेर बास बस्यौं । २४ गते गान्तोकको उच्च हिमाली क्षेत्रमा रहेको छाङु हिमताल र हिमालको अवलोकन गरी गान्तोकमा रहेका केही पर्यटकीय स्थलहरुको अध्ययन अवलोकन गरी २५ गते दिन दार्जिलिङका लागि प्रस्थान गरेका थियौं । साँझ परेकोले दार्जिलिङमा नै होटलको व्यवस्था गरी एक रात बसेर भोलिपल्ट फेरि त्यहांको प्रमुख पर्यटकीय स्थलहरुको अवलोकन गरी सोही दिन दार्जिलिङको शहर घुम्दै होटलको वरपरको बजार अवलोकन गर्दै गर्दा भानुभक्तको शालिक भएको स्थानमा पुगेछौं, जहा आदिकवी भानुभक्तको पुर्णकदको शालिक राखिएको देख्दासै नेपाल र नेपाली भाषा साहित्यप्रति दार्जिलिङवासीहरुको भावनालाइ विसर्ने नसकिनेगरी नेपाली हुनुको गर्वबोध भएको महसुस गरियो ।

आफनो देशमा भानुभक्तको पुर्णकदको शालिक राख्न सकिरहेका छैनौं हामीले । जहां पनि टाउको मात्र भएको शालिक देखेको मैले त्यो पित्तलले कुँदिएको अजङ्को शालिक देख्दा मलाइ भानुप्रतिको हाम्रो श्रद्धा आडम्बरी मात्र रहेछ कि भन्ने लाग्यो । नेपाली भाषा र साहित्यको इतिहासका आदिकवीको उच्च मूल्याङ्कन दार्जिलिङ वासीहरुले मात्र गरेका रहेछन् तर हामी भने यस विषयमा चुकेका रहेछौं । पहाडी पर्यटन प्रवर्द्धनको उच्च व्यवस्थापन भएका सिक्किम र दार्जिलिङका शहरहरुको अध्ययन अवलोकन गर्दा र त्यहां पुगेको पर्यटकहरुको भिड देख्दा हामी र हाम्रो देशको अवस्था अत्यन्तै कमजोर रहेको महसुस भयो । हामीले सराइकोट र आफनै घरको बार्दलीबाट देख्न सकिने सूर्योदय हेर्न हामी पनि त्या पुगेको थियौं, जहां विभिन्न देश र शहरका मान्छेहरु त्यो दृश्य हेर्न पुग्दारहेछन् । बादलले ढाकिएको सूर्यको रातो लालीमा हेर्नु त्यहांको पर्यटकीय शोख मानिसहरु रहेछ त्यस्तै चिढियाखाना र बौद्ध गुम्बाहरुको सुरुम अवलोकन गरी सोही दिन हामीहरु इलामको पशुपतिनगरका लागि प्रस्थान गऱ्यौं । इलामको चियाबारीको सतही अवलोकन गर्दै धरानमा आएर बास बस्यौं ।

२७ गतेको बिहान हामी बुढासुब्बा र दन्तकालीको अवलोकन गरी धरानमा रहेका केही सहकारीहरुको सुरुम अध्ययन पनि गऱ्यौं, जसले गर्दा सहकारी विकास र पवर्द्धनका लागि आगामी सदनहरुमा थोरै भएपनि व्यवसायिक संस्कार पद्धतिको विकाका लागि मद्धत मिल्ने आशा पलाएको छ । धरान र इटहरीको अवलोकनपछि भ्रमणको उद्देश्य सफल भएको आत्माबोध गर्दै पोखराका लागि बाटो लाग्यौं ।

सहकारी सिद्धान्त र हामीले गरेको अध्ययन अवलोकन भ्रमणकावारे अवका दिनहरुमा हामी सबै सहकारीकर्मीहरुले ठण्डा दिमाखले सोच्नै पर्ने भएको छ । हुन त हामीले नेपालको ऐतिहासिक भू-भागहरुको अवलोकन गरेर नेपालको ऐतिहास बुझने अवसर पनि पायौं । त्यो भन्दा पनि हाम्रो भ्रमणको उद्देश्य र हाम्रो गन्तव्य अनुरुप भएन कि ? भन्ने गुनासो भ्रमण टोलीका केही सदस्यहरुले गरेका थिए । यस विषयमा हामी मात्र पनि दोषी छैनौं किनकी अधिकांश रुपमा यस्ता सहकारी तथा अन्य संघ-संस्थाहरुले आफनो देशको प्राकृतिक सम्पदा तथा मानव निर्मित पर्यटकीय स्थलहरुलाई प्राथमिकतामा राखनुपर्ने थियो तर अध्ययन अवलोकन भ्रमणमा नाममा देशी भन्दा विदेशी भूमिको यात्रा गर्ने गरेको हामीले देखेका छौं । हाम्रो प्राकृतिक र पर्यटकीय श्रोत साधनको अवमूल्यन गरिनु हुँदैन भन्ने एउटा महत्वपुर्ण पाठ हामीले यो भ्रमणबाट सिक्न पाएका छौं । यसले गर्दा आगामी दिनका लागि हामी सबै सहकारीकर्मीहरुको रोजाइ र प्राथमिकतामा अब स्वदेशी सीमा भित्रकै गन्तव्यहरु रहनेछन् । विडम्बना मात्रै हुन्छ तर त्यहांको जस्तो पहाडी क्षेत्रमा गरिएको उच्च व्यवस्थापनले हाम्रो सम्पदाहरुको अव्यवस्थाले गर्दा तिनै स्थानहरुले महत्व पाइरहने छन् । जसलाई हाम्रो सानो प्रयासले पनि त्यसको मर्म र भावनालाई हामीले कती बिसँका पो छौं कि ? अध्ययन भ्रमणको मर्म र भावनालाई हामीले कती बिसँका पो छौं कि ? अध्ययन भ्रमणको उद्देश्य र हाम्रो गन्तव्य अनुरुप भएन कि ? भन्ने गुनासो भ्रमण टोलीका केही सदस्यहरुले गरेका थिए । यस विषयमा हामी मात्र पनि दोषी छैनौं किनकी अधिकांश रुपमा यस्ता सहकारी तथा अन्य संघ-संस्थाहरुले आफनो देशको प्राकृतिक सम्पदा तथा मानव निर्मित पर्यटकीय स्थलहरुलाई प्राथमिकतामा राखनुपर्ने थियो तर अध्ययन भ्रमणमा नामका देशी भन्दा विदेशी भूमिको यात्रा गर्ने गरेको हामीले देखेका छौं । हाम्रो प्राकृतिक र पर्यटकीय श्रोत साधनको अवमूल्यन गरिनु हुँदैन भन्ने एउटा महत्वपुर्ण पाठ हामीले यो भ्रमणबाट सिक्न पाएका छौं । यसले गर्दा आगामी दिनका लागि हामी सबै सहकारीकर्मीहरुको रोजाइ र प्राथमिकतामा अब स्वदेशी सीमा भित्रकै गन्तव्यहरु रहनेछन् । विडम्बना मात्रै हुन्छ तर त्यहांको जस्तो पहाडी क्षेत्रमा गरिएको उच्च व्यवस्थापनले हाम्रो सम्पदाहरुको अव्यवस्थाले गर्दा तिनै स्थानहरुले महत्व पाइरहने छन् । जसलाई हाम्रो सानो प्रयासले पनि त्यसको मर्म र भावनालाई हामीले कती बिसँका पो छौं कि ? भन्ने चिन्ताले मलाई भने रातभरि निद्रा परेन । बेलायतले भारत कब्जा गर्नु अघिको नेपाल र अहिले हामीले देखेको नेपाल र भोगेको नेपालका यी दृश्यहरु मेरा लागि झनै कारुणिक बनी पखाँहरुले नेपाली स्वाभिमान जोगाउनका लागि तत्कालिन बेलायती साम्राज्यवादीहरुसँग किरातपुर्व लडाई लडेर नेपालको भूमि बँचाएका थिए र कवि कलाकारहरुले भनेका थिए 'पश्चिममा कित्ता काँगडा, पूर्वमा टिष्टा पुरीपर्यौं...' जुन समयमा विशाल नेपालको सरंचना थियो र सोही समयको नेपाल जहां आज त्यस ठाउंका नेपाली राजुमाइहरु लाइ देख्दा हामीलाइ पनि नेपालको सीमाना भित्रै रहेको अनुभूत त भइरहयो तर विडम्बना त्यो भू-भाग अहिलेको नेपाल थिएन र होइन तापनि त्यहा भारतीय रुपैयां बाहेक अरु सबै नेपालीमात्र देख्न पाएको मैले त्यहा बोलिने भाषा, त्यहांको रहन-सहन र संस्कृति नेपाली तर भू-भाग १८९६ को सुगौली सन्धी पश्चात भारतमा गाभिएको इतिहास सम्झेर मन शान्त बनाएं ।

अध्ययन भ्रमणमा जादा पनि र आउदा पनि हामीहरुलाइ नेपाली भूमिको स्मरणले आत्मारुलाी भैइरह्यो । यति ठुलो विशाल नेपालका हामी नागरिक, प्राकृतिक रुपमा अत्यन्तै धनी हामी आज भएको प्रकृतिले उपहार दिएको सम्पदाहरुलाई पनि जोगाउन र प्रवर्द्धन गर्न सकिरहेका रहेनछौं । हामीले हाम्रा पुर्खाले आजैको नेपाल देख्दा तर आफूले ब्यहोरेको नेपालको शुद्धि र वुद्धि अझै फिरेको छैन । जसले गर्दा हामीलाइ गान्तोकको छोगु लेक र हिमालका दृश्यहरु भन्दा मुस्ताङको पर्यटन, एवीसी मार्ग र मनाङको तिलिचो ताल हाम्रो सम्झनामा आउन सकेन ।

यसको कारण हो हाम्रो पर्यटन प्रवर्द्धन कति कमजोर रहेछ भन्ने स्पष्ट हुन्छ । सुका मोहर जस्ता गरेर बनाएको सहकारीको अध्ययन भ्रमणको मर्म र भावनालाई हामीले कती बिसँका पो छौं कि ? अध्ययन भ्रमण जसले गर्दा अब हाम्रो सहकारीलाई दिनसक्ने उपलब्धिका रुपमा हामीले केही त्याउन नसके पनि आफनो स्थानीय, तथा प्राकृतिक र पर्यटकीय श्रोत साधनको अवमूल्यन गरिनु हुँदैन भन्ने एउटा ठोस पाठ हामीले सिकेका छौं । हाम्रो प्राकृतिक सम्पदा र पर्यटकीय स्थलहरुको प्रवर्द्धनमा हामी धेरै पछाडि रहेको तथ्य सहकारी अध्ययन भ्रमणका नाममा देशी भरिका मान्छेहरु नेपाल बाहिर त्यो पनि सिक्किम र दार्जिलिङको फोँचियाले हाम्रो आफनो पनलाई कमजोर बनाउदै गएको पो छ कि ? सोच्नुपर्ने भएको छ । हामीले सुका मोहोर जस्ता गरी बनाएको सहकारीको शाखमा कतै धक्का पो लाग्छ कि ? भन्ने चिन्ताले मलाई



विष्णु अधिकारी



वैकल्पिक स्थानको रुपमा नेपालको सुन्दर पर्यटनतर्फ आकर्षण बढाउन राज्यस्तरबाटै नयां सोंचको विकास हुनु जरुरी देखिन्छ । यो अध्ययन भ्रमणले हामी जतिपनि सहकारी कर्मीहरु छौं सबै सहकारीहरुलाई उन्नत र परिस्कृत बनाउन अब देशको आन्तरिक पर्यटन पवर्द्धनको भरपर्दो विकासमा सहकारी पनि संलग्न हुनुपर्ने विषयमा बहसको खोंचो रहेको महसुस भएको छ ।

सिक्किम दार्जिलिङको अवलोकन भ्रमण पुरा गरेर हामीहरु नेपालको पशुपतिनगर हुँदै इलामको चियाबारीको अध्ययन अवलोकन गरी सोझै दिन हामी धरान पुगेर बास बस्यौं । धरानमा रहेका केही नाम चलेका सहकारी र स्थानीय पर्यटकीय स्थलहरुको अध्ययन गरी पोखरातर्फको यात्रामा लाग्दा कोशी ब्यारेज आइपुग्यौं जहां हामी कोशीको बाढीले सरुजित बनाएको क्षेत्र र कोशी ब्यारेजको अवलोकन गर्दा नेपाली भूमि के कसरी डुबानमा परेकोरहेछ र मधेशी मोर्चाहरुले संविधानमा किन असहमति व्यक्त गरेको रहेछन् भन्ने सबालमा साथीहरु बीच बहस शुरु गर्न लाग्यौं ।

हामीले चुकेको कोशी ब्यारेज अनि मधेशी समुदायको आन्दोलनको यथार्थबारे एकजना मित्रले भन्नुभयो, जुन कुरा ठीकै हो भन्ने पुष्टि त्यहां पुगेर हेर्दा अरु स्पष्ट भयो । भारतीय सरकारको सहयोगमा बनेको कोशी ब्यारेजको पानी वर्षायाममा नेपालमा फन्ने र हिउंदको समयमा नेपाली भूमिलाई मरुभूमि बनाउदै भारततर्फ लैजाने गरेको तथ्य रहेछ । यतिबेला संघीय राज्य घोषणा भएपछि कोशी नदी २ नं. प्रदेशमा पारिएको तथ्यगत कुराले मधेशी समुदायलाई चित्त नबुझेकोले मधेश आन्दोलन भएको यथार्थ पनि लुकाउने नहुने रहेछ । मधेशमा जे जति विकास भएको छ त्यो सबै बोर्डर क्षेत्रमा केन्द्रित छ अनि नेपालको अधिकांश क्षेत्र बाझी र ड्वानले क्षति पुऱ्याएको र त्यसमा नेपालका कूनैपनि सरकारको ध्यान पुग्न नसकेको पनि देखियो । जसलेगर्दा मधेश विद्रोहलाइ थप सहयोग पुगेको रहेछ । मधेशमा हामीले जे देख्यौं अरबको मरुभूमिमा हुने अत्यन्तै महङ्गो खजुरको छोरा। खेती गर्ने हो भने आज अरबको मरुभूमिमा ६० डिग्रीको धुपमा गर्ने गरेको काम नेपालमा पनि राम्रो हुँदारहेछ भन्ने तथ्य कोशी पनि आफनो स्थानीय, तथा प्राकृतिक र पर्यटकीय श्रोत साधनको अवमूल्यन गरिनु हुँदैन बुझन सकिन्छ । देशमा स्थिर सरकार नहुनु र अनावश्यक राजनीतिले मुलुकलाइ नराम्रोसंग पछाडि धकेलेको कुरा कोशी ब्यारेज लगायत पूर्वका विभिन्न ढुंग्रहरुको देखाइरहँदा हामी भने आफनो देशको साधन स्रोतलाई परिचालन गर्नुको सट्टा उजाडिल युवाहरुलाई विदेशतर्फ लखेटिरहेका छौं । जुन कुरालै शुरु र राम्रो नेपाल बनाउने सपना मात्र सपना मै सिमित हुनुको विकल्प छैन ।

बैंक ट्यालेन्स

बैंक ट्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्कनुहोस् । सम्पर्क

९८२६५-०६६०२

सार्वजनिक सूचना

यस ल.ने.पा वडा नं. ११, बस्ने सप्तवहादुर मगरकी छोरी वर्षा मगरको नाममा रहेको सार्बिक सिग्दवा ६ को किता नं. ३८९७ समेत क्षेत्रफल ०-६-१-१ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर पूर्व तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
३८९७ समेत	३१६३	२६६५	३७९८	बाटो

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

सार्वजनिक सूचना

यस ल.ने.पा वडा नं. १, बस्ने छविलाल थापाको छोरा उजुरबहादुर थापाको नाममा रहेको सार्बिक सिग्दवा २ को किता नं. ५५४० क्षेत्रफल ०-५-३-१ को जग्गामा घर नक्सा पास गर्नुपर्ने भएको तर उत्तर र दक्षिण तर्फका सधियारालाई फेला नपरेकोले बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिछौं ।

कि.नं.	पूर्व	पश्चिम	उत्तर	दक्षिण
५५४०	बाटो	बाटो	४८५९	५५३२

सम्पर्क : लेनपा कार्यालय वा फोन : ०६१-५६०३८०

युआरएलमा थाइराइड परीक्षण हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

पोखराको न्यूरोड, गिरी कम्प्लेक्समा रहेको युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि (युआरएल) ले नेपालमै पहिलो पटक थाइराइडको विशेष प्रकारको रक्त परीक्षण एन्टी टिएसएचआर सुरु गरेको छ। परीक्षणको बरिष्ठ चिकित्सक डा.बुद्धिबहादुर थापाले सोमबार एक समाचारसम्मेलन बोलाएर यस परीक्षणको शुभारम्भ गरे। थाइराइड जटिल खालको समस्या भएको जानकारी दिँदै उनले भने-'रोग डिजिज भएमा परीक्षणका लागि विदेश पठाउँदा पोखराका डाक्टर नजान्ने रहेछन् भन्ने पनि र रिपोर्ट आउन समय लाग्ने हुँदा उपचारमा असहज परिस्थिति थियो।' पोखरामा अत्याधुनिक प्रकारका रक्त परीक्षण सुरु हुनु स्वास्थ्य क्षेत्रका लागि सुखद पक्ष रहेको चर्चा गर्दै उनले जटिल प्रकारका थाइराइडका रोगी र गर्भवती महिला र शिशु यो परीक्षणबाट लाभान्वित हुने जानकारी दिए। यो परीक्षणका लागि हालसम्म भारतलगायतका त्यावमा पठाइने गरेको र १५ हजार रुपैयाँ बढी शुल्क लाग्नेमा युआरएलले यो सेवा ६ हजार रुपैयाँमा नै उपलब्ध गराउने प्रबन्ध निर्देशक ठाकुरप्रसाद पन्तले जानकारी दिए। अहिलेसम्म टी थ्री, टी फो र र टीएसएचको मात्रा पत्ता लगाइ थाइराइडको उपचार गर्ने गरिएको छ। टी थ्री, टी फो र टीएसएचको मात्रा तलमाथि हुँदा शरीरका अंगमा हुने प्रतिक्रिया सम्बन्धी थाइराइडलाई ग्रेभ्स डिजिज भनिन्छ। शरीरका अंगभित्रै हुने प्रतिक्रियाको मात्रा पत्ता लगाइ यो परीक्षणले उपचारमा सहयोग गर्छ। यस्तै, अधिकांश गर्भवती महिलामा देखिने थाइराइड बच्चामा सर्ने/नसर्ने पनि यो परीक्षणबाट पत्ता लाग्ने प्रबन्ध निर्देशक पन्तले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए। उनले भने-'गर्भावस्थाको छदौंदेखि नौ महिनाभित्र यस्तो परीक्षण गरी उचित उपचार गरे बच्चामा यस प्रकारको थाइराइड हुने जोखिम रोक्न सकिन्छ।' युआरएलका अध्यक्ष चेतबहादुर गुरुङले पोखरामै अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउन भविष्यमा पनि नयाँ-नयाँ रक्त परीक्षण थप्दै जाने प्रतिबद्धता जनाए। कोरिब साढे दुई वर्षअघि सञ्चालनमा आएको युआरएलले फोस्लोमा क्यान्सर हुनसक्ने सम्भावनासम्बन्धी रक्त परीक्षण साइज इज्राज , हृदयघात हुनसक्ने सम्भावना सम्बन्धी रक्त परीक्षण एन्टी प्रो-विएनपी पनि नेपालमै पहिलो पटक सुरु गरेको थियो।



क्षेत्रीय भलिवल संघको अध्यक्षमा पुन: थापा

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

पश्चिमाञ्चल क्षेत्रीय भलिवल संघको अध्यक्षमा पुनः छयाम बहादुर थापा मगर चयन भएका छन् । बुधवार सम्पन्न संघको तेस्रो अधिवेशनले थापालाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । अधिवेशनले संघको प्रथम उपाध्यक्षमा राजकुमार गुरुङ स्याङ्जा, उपाध्यक्षहरु याम श्रीष वाग्लुङ, विष्णु श्रेष्ठ रुपन्देही, शुभ कन्या गुरुङ कास्की, भक्त बहादुर मिदुन मगर गुल्मी चयन भएका छन् । संघको सचिवमा डि.वि. नेपाली, सह सचिवमा तिल बहादुर खण्डुलुङ मगर नवलपरासी, कोषाध्यक्ष हरि बहादुर श्रेष्ठ, सह कोषाध्यक्षमा नारायण बहादुर भण्डारी चयन भएका छन् । संघको सदस्यहरुमा प्रमोद चौधरी, पदम बहादुर बिक, कृष्ण गुरुङ, चोक बहादुर थापा, चुडामणी पराजुली, देव नारायण काफ्ले, रमेश श्रेष्ठ चयन भएका छन् ।

अधिवेशन समारोहमा बोल्दै पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले पश्चिमाञ्चल विकास क्षेत्र भलिवलमा अझैपनि पछि परेको बताउदै नया कार्यसमितीले खेललाई तदारुकताका साथ अगाडी बढाउन आग्रह गरे । पौडेलले पोखरा रंगशालामा निर्माण हुन लागेको भलिवल प्रशिक्षण केन्द्रले पश्चिमाञ्चल क्षेत्रको भलिवललाई थप टेवा प्रदान गर्ने समेत बताए ।



विद्यार्थीको नमूना मत सर्वेक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा २२ वैशाख ।

